# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १२ गते २०२६ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार हवाइ विभागले त्रिभुवन विमानस्थल (क्रस रनवे) निर्माण गर्दा बालुवाले पुरेको जग्गा प्राप्त गर्न आवश्यक भएकोले वागमति अञ्चल काठमाडौं जिल्ला सिनामंगल गाउँ पञ्चायत वार्ड नं. ७ क. को निम्नबमोजिमको जग्गा प्राप्त गर्ने निर्णय भएकोले सो जग्गाको जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत पाउने उक्त ऐन र जग्गा प्राप्ति नियम २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

(१) पूर्व कि.नं. ३३५, पश्चिम कि.नं. ८६, उत्तर कि.नं. २०५ दक्षिण कि.नं. ३३८ यति चारकिल्लाभित्रको कि.नं. २०४ को जग्गा रोपनि ०–६–० ।

(२) पूर्व कि.नं. २०७, पश्चिम कि.नं. २०३, उत्तर कि.नं. १९९, दक्षिण कि.नं. २०५ यति चारकिल्लाभित्रको कि.नं. २०६ को जग्गा रोपनि १–१–० तथा कि.नं. २०८ को जग्गा रोपनि १–२–० समेत ।

(३) पूर्व कि.नं. २१२, पश्चिम कि.नं. ३३३, उत्तर खोला, दक्षिण कि.नं. ३३२ यति चारकिल्लाभित्रको कि.नं. २११ को जग्गा रोपनि ०–११–० को समेत गरी जम्मा जग्गा रोपनि ३–४–० तीनरोपनि चारआनाको मालपोत जम्मा रू. ७।७३ (सातरूपैयाँ त्रिहत्तरपैसा) लाग्ने जम्मा जग्गा कित्ता एक – – – – – – – – – – – – १

आज्ञाले–
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।